# जीउ जोगाउनै गाह्रो, धन कसले हेरिदेला ?

Dec-11-2003 / मंसिर-२५-२०६० / गोरखापत्र

उपत्यका समाचारदाता

काठमाडौं, मङ्सिर २४ गते। आर्थिक, सामाजिक तथा विकासको दृष्टिले पिछडिएको सुदूरपश्चिम तथा मध्यपश्चिमाञ्चलका विकट पहाडी क्षेत्रमा बसोबास गर्ने स्थानीय जिल्लावासीहरूलाई ती क्षेत्रहरूमा माओवादी समस्याको बढ्दो प्रभावसँगै स्थानीय जिल्लावासीहरूलाई धन जोगाउन त परै जाओस् ज्यान जोगाउन समेत गाह्रो भइरहेको छ।

जिल्लावासीहरूले आफूहरू जीउ जोगाउन लागिपरेको बताउँदै धन जोगाइदिन राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विभिन्न गैरसरकारी सङ्घसंस्थाहरूलाई आग्रह गरेका छन्।

सुदूरपश्चिम तथा मध्यपश्चिम क्षेत्रको विकास निर्माणमा गैरसरकारी सङ्घसंस्थाको भूमिका विषयक आज यहाँ आयोजित एकदिने विचार गोष्ठीमा सहभागी जिल्लावासीहरूले माओवादी समस्यासँगै भोग्नुपरेको पीडाको बारेमा जानकारी दिँदै गैरसरकारी सङ्घसंस्थाहरूलाई उक्त आग्रह गरेका हुन्।

नेपालका गरीब र विकट जिल्ला मानिने दार्चुला, अछाम, बाजुरा, बझाङ, मुगु, हुम्ला, जाजरकोट, डोल्पा र जुम्लालगायतका जिल्लाहरूमा सरकारी सहयोगको अभावसँगै जिल्लावासीहरूले गैरसरकारी सङ्घसंस्थाहरूको सहयोगको भरमा बाँच्नुपर्ने बाध्यता रहेको गुनासो कार्यक्रममा सहभागी वक्ताहरूले गरेका थिए।

सो अवसरमा पूर्वप्रधानमन्त्री एवं नेपाली काँग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवाले यो कठिन परिस्थितिमा सुदूर र मध्यपश्चिम क्षेत्रको विकासका लागि गैरसरकारी संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको चर्चा गर्दै भन्नुभयो, "अब स्थानीय जिल्लावासी र सहयोगी संस्थाहरूले हातेमालो गरी अगाडि बढ्नुपर्ने भएको छ।"

विकट जिल्लाहरूमा खाद्यान्न त परै जाओस् शान्तिसँग बस्ने वातावरण नै छैन भन्दै सभापति देउवाले माओवादीहरूको बढ्दो आतङ्कारी क्रियाकलापले जिल्लावासीलाई ज्यान जोगाउन नै कठिन भइरहेको बताउनुभयो।

उहाँले हत्या, हिंसाबाट आक्रान्त बन्न पुगेको मुलुकमा शान्ति चाहिएको छ भन्दै शान्तिबिना विकट जिल्ला तथा गरीब जनता कसैको पनि विकास नहुने धारणा व्यक्त गर्नुभयो।

नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. तिलक रावलले सुदूरपश्चिम र मध्यपश्चिम प्राकृतिक सम्पदाले भरिपूर्ण भए पनि सरकारी सहयोगको अभावका कारण गरीब झन् गरीब बन्दै गएको बताउनुभयो।

भौतिक, सामाजिक संरचनाका पूर्वाधारबाट वञ्चित सो क्षेत्रको विकासका लागि सत्तामा बस्नेहरूले ध्यान दिन नसकेको आरोप गभर्नर डा. रावलले लगाउनुभयो।

सुदूरपश्चिममा ६५ प्रतिशत र मध्यपश्चिममा ५९ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको जानकारी दिँदै उहाँले गरिबी र बेरोजगारीका कारण नै यस क्षेत्रमा माओवादी समस्याले उग्ररूप लिएको बताउनुभयो।

सुदूरपश्चिमबाट अछाम जिल्ला विकास समितिका पूर्वसभापति भरतकुमार स्वाँरले माओवादीका कारण आफूहरू गाउँघर छोडेर शहर पस्न बाध्य भएको बताउनुभयो। उहाँले सङ्घसंस्थाहरूले जिल्लाको विकासका लागि विभिन्न सहयोग उपलब्ध गराउँदै आए पनि सर्वसाधारणलाई जीउ जोगाउन नै गाह्रो भइरहेको बताउनुभयो।

त्यसैगरी, मध्यपश्चिमबाट सुर्खेत जिल्ला विकास समितिका पूर्वसभापति तप्तबहादुर विष्टले मुलुक प्रतिदिन गरिबी र भोकमरीको समस्याबाट आक्रान्त बन्दै गएको अवस्थामा गैरसरकारी सङ्घसंस्थाहरूले मुलुकलाई ठूलो गुण लगाएको छ भन्नुभयो।

देउडा समूहका अध्यक्ष जयन्द्र स्वाँरको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा चारवटा कार्यपत्र प्रस्तुत गरिएको थियो। त्यसैगरी, देश विकासमा सहयोग गर्ने सङ्घसंस्थाहरूलाई उपहार प्रदान गर्नुका साथै नेपाल टेलिभिजन र हिकोला कलर ल्याब प्रा.लि. लाई देउडा गीतको प्रसारणमा उल्लेखनीय काम गरेवापत ताम्रपत्र दिएर सम्मान गरिएको थियो।

कार्यक्रममा कालीबहादुर सिंहको देउडा गीति क्यासेट 'कर्णाली दर्पण'को विमोचन गरिएको थियो।